# Capacity Building Training of Center Mobilizer

## 2075 Chaitra 8, Kathmandu Regional Office




निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड क्षेत्रीय कार्यालय काठमाण्डौको आयोजनामा मिति २०७५ चैत्र ८ गते काठमाण्डौमा **"Capacity Building Training of Center Mobilizer"** सम्पन्न गरिएको छ ।

उक्त तालिममा केन्द्रीय कार्यालयबाट प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापकीय स्तरका कर्मचारी र क्षेत्रीय कार्यालयबाट क्षेत्रीय प्रमुख र कार्यक्रम अधिकृतको उपस्थितिमा काठमाण्डौ क्षेत्रीय कार्यालय अन्तर्गतका शाखा कार्यालयहरुका केन्द्र परिचालकहरुको सहभागिता रहेको थियो । तालिममा १६ जना सहभागी रहेका थिए ।



कार्यक्रममा केन्द्र बैठक संचालनमा केन्द्र परिचालको भुमिका, कर्जा जोखिम व्यवस्थापन, सदस्य तथा ऋणी बृद्धि गर्ने उपायहरु, संस्थाका सेवा सुबिधाहरुको बारेमा सहभागीहरुलाई जानकारी गराइएको थियो । यसका साथै कार्यक्रममा ट्यावलेट संचालन प्रक्रिया, कर्जा सदुपयोगिता, परियोजना विश्लेषण र ग्राहक/अन्तरवैक्तिक सम्बन्धको बारेमा पनि जानकारी गराइएको थियो ।